**आदरणीय उपाध्यक्षज्यू,**
**गाउँ सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

आज यस ऐतिहासिक एंव गरिमामय उन्नाइस औं गाउँ सभाको बैठकमा नेपालको संविधानको भाग -१८ र स्थानीय सरकार सञ्चालन ऐन-२०७४ बमोजिम ओमसतिया गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई गौरवको अनुभुति भएको छ।

सर्वप्रथम संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना, नागरीक अधिकार प्राप्तिका विभिन्न आन्दोलन र सघंर्षमा आफ्नो अमूल्य जिवन उत्सर्ग गर्नुहुने सम्पूर्ण प्रातः स्मरणीय ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु। राजनितिक रुपान्तरण र अधिकार प्राप्तिको आन्दोलनको नेतृत्व गर्नुहुने सम्पूर्ण अग्रजहरु प्रति उच्च आदर र सम्मान व्यक्त गर्दछु। ओमसतिया गाउँपालिकाको विकासमा निरन्तर योगदान पुर्याउनुहुने सम्पूर्ण आम नागरीकहरुमा हार्दिक अभिनन्दन व्यक्त गर्दछु। यसका साथै २०७९ सालमा भएको स्थानीय तहको आम निर्वाचनमा हामीलाइ विश्वास गरि निर्वाचित गराउनुहुने सम्पूर्ण मतदाताज्यूहरुलाई सम्पूर्ण जनप्रतिनिधि मण्डलको तर्फबाट हार्दिक कृतज्ञता व्यक्त गर्दछौं।

**सभाका सदस्यज्यूहरु,**

आम निर्वाचनका क्रममा मतदातहरु संग गरेका प्रतिवद्धताहरु पुरा गर्ने कार्यमा हामि अहोरात्र खटिएको भएता पनि स्रोत साधनको सीमितता, नागरिकका बढदै गएका अपेक्षा र गाउँपालिकाको जिम्मेवारीमा भएको बढोत्तरीलाई पुरा गर्दै अगाडी बढ्न चुनौतिपुर्ण छ। तथापी, जनताका आवश्यकतालाई प्राथमिकीकरण गर्दै निर्वाचनका क्रममा गरिएका प्रतिवद्धता कार्यान्वयन गर्न हामी प्रयासरत छौं।

स्थानीय आवधिक निर्वाचनको लागि एक वर्ष मात्र बाँकी रहँदा सीमित स्रोत साधनका बावजुद गाउँपालिकाको दिर्घकालिन विकास र समृद्धिको लागि महत्वपूर्ण जग निर्माण भएको छ। यस कार्यकालको बाँकी अवधीमा हामीले अधुरा रहेका आयोजना र कार्यक्रमहरुलाई पुर्णता दिन अधिकतम प्रयास गर्नुपर्नेछ। यसका लागि सम्पूर्ण सरोकारवालाहरुको सकारात्मक सुझाव र सहयोगको अपेक्षा गर्दछौं।

स्थानीय सरकार नागरीकको सन्निकटको सरकार भएको कारणले हामीले यो कार्यभार सम्हाले देखि नै आम जनताको हितलाई केन्द्रमा राखी नेपालको संविधान, नेपाल सरकार र लुम्बिनी प्रदेश सरकारले आत्मसात गरेका नीति तथा कार्यक्रम, आवधिक योजना र आर्थिक विकासका रणनीतिहरुलाई स्थानीयकरण गर्दै ओमसतिया गाउँपालिकालाई समृद्ध बनाउने संकल्प लिएका छौं। प्रस्तुत नीति तथा कार्यक्रमले

गाउँपालिकालाई आर्थिक रुपमा सुदृढ, सामाजिक रुपमा समावेशी, भौतिक रुपमा दिगो र शासकीय रुपमा सुशासनयुक्त बनाउने छ भन्ने अपेक्षा गरेको छु।

**गाउँसभा सदस्यज्युहरु,**

अब म आ.व २०८३/०८४ को गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहन्छु।

१. गाउँपालिकाको मुल आर्थिक मेरुदण्ड नै कृषि भएकाले कृषिलाई आधुनिकीकरण र यान्त्रिकरण मार्फत आत्मनिर्भर बनाउन विउ विजन देखि बजार सम्मको बलियो कृषि इकोसिस्टम निर्माण गरि उत्पादकत्व अभिवृद्धिमा जोड दिइनेछ।

२. कृषक परिचयपत्र वितरण र किसान सुचीकरण कार्यलाई समयमै सम्पन्न गरि बिउ, विजन, वितरण र प्रविधी हस्तान्तरण कार्यक्रमलाई मागको आधारमा सन्चालन गरिनेछ। साथै रैथाने वालिको संरक्षण र प्रवर्द्धनको लागि जैविक मल र विषादिको उपयोगलाई वृद्धि गर्न अनुदान र सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३. नेपाल सरकारबाट अनुदानमा प्राप्त हुने रासायनिक मललाई सहकारी संस्थामार्फत किसान कार्डको आधारमा वितरणको व्यवस्था मिलाईनेछ र थप मल आपूर्तिको लागि पहल गरिनेछ।

४. सामुहिक रुपमा कृषि व्यवसायमा लाग्न चाहने कृषकहरुलाई सामुहिक खेतीतर्फ आकर्षित गर्न कृषि पकेट कार्यक्रम सञ्चालन गरिनेछ साथै मूल बिउ उत्पादन गर्ने कृषक/समूहहरुलाई विशेष सहुलियत प्रदान गरिनेछ।

५. माटोको गुणस्तर परिक्षण गर्न माटो जाँच शिविर सञ्चालन गरिनेछ।

६. कृषि उपजमा बढ्दो रासायनिक विषादीको प्रयोगलाई निरुत्साहन गर्न गाउँपालिकाभित्रका प्रमुख हाटबजार तथा कृषि फार्महरुमा नियमित विषादि परिक्षणको व्यवस्था मिलाईनेछ।

७. कृषकहरुलाई निर्वाहमुखि कृषि प्रणालीबाट आधुनिक र व्यवसाय उन्मुख बनाउन कृषि कार्यमा प्रयोग हुने यन्त्र उपकरणमा अनुदानको व्यवस्था गरिनेछ।

८. पशुपन्छी तथा मत्स्यजन्य उत्पादनलाई वृद्धि गर्न नियमित पशु स्वास्थ्य परिक्षण र नश्ल सुधार गरि ओमसतिया गाउँपालिकालाई अग्रणी गाउँपालिकाको रुपमा विकास गर्न आवश्यक व्यवस्था गरिनेछ।

९. पशुपन्छीहरुमा लाग्ने संक्रामक/महामारीजन्य र जुनोटिक रोग नियन्त्रण गर्न पूर्ण र निशुल्क खोपका साथै सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।

१०. पशुपन्छी व्यवसायको उत्पादन लागत न्यूनिकरण गर्न हरियो घासँमा आधारित पशुपालनमा जोड दिन हिउँदे र वर्षे घँसमा ७५ प्रतिशत अनुदानको व्यवस्था मिलाइनेछ।

११. ओमसतिया गाउँपालिकामा दर्ता तथा नवीकरण गरी सञ्चालन गरिएका पशुपंक्षी फर्महरुलाई प्रोत्साहन गर्न क्याल्सियम, मिनरल तथा सुरक्षा सामग्रीहरु निःशुल्क वितरण गरिनेछ।

१२. पशु स्वास्थ्य सेवालाई सरल, सहज र व्यवस्थित गराउन गाउँपालिकामा कार्यरत पशु प्राविधिकलाई विषेश परिचालन गरिनेछ साथै आधारभुत औषधी वितरण कार्यलाई निःशुल्क र किसानको घरदैलो सम्म पुर्याउन आवश्यक व्यवस्था मिलाइनेछ।

१३. सहकारी क्षेत्रलाई स्थानीय विकासको बलियो खम्बा र साना पूँजी परिचालनको माध्यमको रुपमा शुद्धिकरण र सुदृढिकरण गरीनेछ।

१४. हाल सहकारी क्षेत्रमा देखिएको समस्यालाई न्यूनिकरण गर्न प्रभावकारी अनुगमन-निरिक्षण गरिनेछ। गाउँपालिका भित्र रहेका सहकारी संस्थालाई केवल वित्तिय बचत र ऋणमा मात्र सीमित नगरी अनिवार्य रुपमा कृषि, उत्पादन र रोजगारीमुलक क्षेत्रमा परिचालन गरिनेछ।

१५. गाउँपालिका स्तरका सहकारीहरुमा सहकारी ऋण सुचना केन्द्र र बचत सुरक्षण कोष स्थापना गरी साना बचतकर्ताको बचत सुरक्षित गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

१६. सबै स्थानीय सहकारीको वित्तिय पारदर्शीता कायम गर्न विद्युतीय सूचना प्रणाली र एकिकृत सफ्टवेयर (**COPOMIS**) अनिवार्य रुपमा लागु गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१७. लुम्बिनी र देवदह आउने पर्यटकहरुलाई सहज सुलभ सेवा प्रदान गरी आकर्षित गर्न स्थानीय मौलिकता सहितको होमस्टे, आरोग्य केन्द्र, प्राकृतिक चिकित्सालय निर्माण गर्न सार्वजनिक निजी साझेदारि कर्यक्रम सञ्चालन गरिनेछ।

१८. वडा नं. ६ मा रहेको जमुहानी पोखरा ताल, भेलाई पोखरा ताल लगायत अन्य ताल पोखरी मर्मत सम्भार, सौन्दर्यीकरण र पुनर्भरण गरी आन्तरिक तथा बाह्य पर्यटक आकर्षणको केन्द्रको रुपमा विकास गरिनेछ।

१९. यस क्षेत्रको धार्मिक तथा सांस्कृतिक महत्व बोकेको सतिया माई मन्दिरलाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ।

२०. **VISIT NEPAL-2085** लाई सफल पार्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

२१. विगतमा घोषणा गरिएका तर बजेट अभावमा अल्झिएका भौतिक पुर्वाधारका परियोजनाहरुको पुनः प्राथामिकिकरण गरिनेछ। सम्पन्न हुने सम्भावना नभएका आयोजनाहरु पुनरावलोकन गरी उच्च प्रतिफल दिने आयोजना समेटेर लाभ-लागत विश्लेषण गरि एकिकृत परियोजना बैंक लागू गरिनेछ।

२२. गाउँपालिकाको मुख्य प्रशासनिक भवनलाई समयावधी भन्दा अगावै सम्पन्न गरि सम्पूर्ण प्रशासनिक सेवालाई एकद्धार प्रणालीबाट सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

२३. नयाँ टुक्रे योजनाहरु भन्दा अधुरा र क्रमागत ठुला आयोजनाहरुलाई समयतालिका निर्धारण गरि यसै कार्यकालभित्र सम्पन्न गर्ने लक्ष्यका साथ बजेट केन्द्रित गरी विनियोजन कुशलता कायम गरिनेछ।

२४. उपभोक्ता समितिबाट सञ्चालन गरिने आयोजनाहरुलाई दिगो, प्रभावकारी र जनसहभागीता मुलक बनाउन आयोजना सम्झौता अगावै उपभोक्ता समितिको गठन, सञ्चालन र नियमन गर्न उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमुखिकरण तालिम सञ्चालन गरिनेछ। निर्धारित समय र गुणस्तरमा आयोजना सम्पन्न गर्ने उपभोक्ता समितिहरुलाई पुरस्कृत गरिनेछ।

२५. गाउँपालिकाको केन्द्र, मुख्य बजार क्षेत्र, विद्यालय र वडा कार्यालयहरुलाई जोड्ने सडकहरुलाई कालोपत्रे र स्तरोन्नती गरी बाह्रै महिना सहज आवतजावत गर्न मिल्ने बनाईनेछ।

२६. **WASH PLAN** का आधारमा गाउँपालिका भित्रका सबै विद्यालय, स्वास्थ्य संस्था र घरधुरीमा सुरक्षित खानेपानीको दिगो व्यवस्थापन गर्न संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ। आगामी आर्थिक वर्ष भित्र गाउँपालिकालाई पूर्ण सरसफाईयुक्त गाउँपालिका घोषणा गर्ने व्यवस्था मिलाईनेछ।

२७. पालिका भित्र रहेका विभिन्न व्यसायिक र औद्योगिक प्रतिष्ठानसँगको सहकार्यमा सार्वजनिक स्थलहरुमा सरसफाई तथा स्वच्छता कार्यक्रम सञ्चालन गरिनेछ।

२८. बाह्रै महिना भरपर्दो सिंचाई सुविधा विस्तार गर्नको लागि भूमिगत सिँचाई प्रणालीको साथै गाउँपालिका भित्र रहेका भै.लु.भु.ज.परियोजनाको पुनर्स्थापना गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

२९. कृषि मिटर जडान गरि सिंचाई गरेका कृषकहरुलाई विद्युत मिटर जडान गर्न लाग्ने शुल्कमा अनुदानको व्यवस्था मिलाईनेछ।

३०. वडा नं. ३ र ५ जोड्ने पक्कि पुल निर्माणको लागि संघीय र प्रदेश सरकारसंग समन्वय गरी सो आयोजना कार्यान्वन गर्न विशेष पहल गरिनेछ।

३१. गाउँपालिका र वडाबाट सञ्चालन हुने समान प्रकृतिका साना आयोजनाहरुलाई प्याकेजिङ्ग गरि विद्युतीय बोलपत्र मार्फत ठेक्का गरि सञ्चालन गरिनेछ।

३२. गाउँपालिका भित्रको सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरि सडक मापदण्डको समस्यालाइ समाधान गरिनेछ।

३३. सार्वजनिक निजी साझेदारी मार्फत वडा नं. १ मा रहेको ठुटिपिपल हाटबजारमा अत्याधुनिक व्यापारिक कम्पलेक्स निर्माण गर्न संघिय सरकार र प्रदेश सरकारसँग विशेष पहल गरिनेछ।

३४. गाउँपालिका भित्र निर्माण हुने सम्पुर्ण घर तथा भवन निर्माण अनुमति प्रकृयालाई प्रविधिमैत्री बनाई सेवा सहजिकरण गरिनेछ साथै भवन आचार-संहितालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै लगिनेछ।

३५. वडा नं. २ मा रहेको कर्मडाँडा खेल मैदानलाई स्तरोन्नती गरिनेछ।

३६. संघीय सरकारको सहयोगमा रोहिणी कोरिडोरको विकास गरि आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न विभिन्न उद्यान, पार्क तथा व्यायमशाला निर्माण गरिनेछ।

३७. रोहिणी नदिको वहाव क्षेत्रमा जलाशय निर्माण गरि लिफ्ट प्रविधिको माध्यमबाट सिँचाई गर्न सम्भाव्यता अध्ययन गर्ने प्रक्रिया अगाडी बढाईनेछ।

३८. गाउँपालिका क्षेत्रभित्र रहेका पानीका स्रोतहरुको संरक्षण, पुनर्भरण र व्यवस्थापनलाई विशेष प्राथमिकता दिईनेछ।

३९. गाउँपालिकाको दक्षिण सीमाना डण्डा पुलदेखि उत्तरी सीमाना वड्सारीसम्म रोहिणी नदीको किनारमा पदयात्रा मार्ग निर्माणको लागि सम्भाव्यता अध्ययन गरिनेछ।

४०. गाउँपालिका भित्रका सबै क्षेत्रमा गुणस्तरीय र भरपर्दो विद्युत आपुर्ती सुनिश्चित गर्न विद्युतीकरण नभएका स्थानमा विद्युत तार पोल जडान गरी गाउँपालिकालाई पूर्ण विद्युतीकरण युक्त गाउँपालिका बनाउन आवश्यक पहल गरिनेछ।

४१. रोहिणी नदीको किनारमा आधुनिक शवदाहस्थल निर्माण कार्यको सुरुवात गरिनेछ।

**गाउँ सभाका सदस्यज्युहरु,**

४२. शैक्षिक गुणस्तर सुधार गर्न भैतिक पुर्वाधार निर्माणका साथै सीपमुलक जीवनोपयोगी र प्रविधी मैत्री कार्यक्रमहरु सञ्चालन गरिनेछ।

४३. गाउँपालिकाभित्र रहेका विद्यालय जाने उमेर समुहका सबै वालबालिकाहरुलाई विद्यालय भर्ना गराई विद्यालयमा टिकाईराख्न विभिन्न कार्यक्रम र अभियान सञ्चालन गरी अनिवार्य र निःशुल्क आधारभूत शिक्षा पाउने हक सुनिश्चित गरिनेछ।

४४. विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न, शिक्षकहरुको मनोवल उच्च राख्न नतिजामा आधारित प्रोत्साहन कार्यक्रम र क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

४५. सरकारी र निजी विद्यालयहरु बिचको शैक्षिक गुणस्तरको खाडल न्यूनीकरण गर्न साझेदारी र एकरुपता कायम गरिनेछ।

४६. सामुदायिक विद्यालयहरूमा विद्यार्थीको आकर्षण र सिकाई उपलब्धी दर वृद्धि गर्न नवीन कार्यक्रमहरु सञ्चालन गरिनेछ।

४७. विद्यालयहरुमा सञ्चालन भईरहेको दिवा खाजा कार्यक्रमको लागि स्थानीय पोषणयुक्त कृषि उपजलाई प्राथमिकता दिईनेछ।

४८. कक्षा ८, ९ र १० मा अध्ययनरत विद्यार्थीहरुको वृत्तीमार्ग निर्देशन कार्यक्रमलाई निरन्तरता दिईनेछ साथै कक्षा ११ र १२ का विद्यार्थीहरुलाई कृत्रीम बैद्धिकता, कन्टेन्ट कृयशन, भिडियो मेकिङ्ग एण्ड इडिटिङ्ग जस्ता सफ्ट स्किलको माध्यमबाट आत्मनिर्भर बनाउने कार्यक्रम सञ्चालन गरिनेछ।

४९. विद्यालयहरुको सिकाई उपलब्धी, पुर्वाधार व्यवस्थापन, विद्यार्थी संख्या, शैक्षिक गुणस्तर र नतिजा जस्ता सूचकका आधारमा गाउँपालिका भित्र रहेका सम्पूर्ण माध्यमिक विद्यालय मध्येबाट -१ र आधारभूत विद्यालयहरु मध्येबाट -१ विद्यालय छनोट गरि नमूना विद्यालय घोषणा गरीनेछ। साथै आधारभुत र माध्यमिक तहको परीक्षामा शत प्रतिशत नतिजा प्राप्त गर्ने विद्यालयलाई थप अनुदानको व्यवस्था मिलाईनेछ।

५०. गाउँपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा **"मेरो विद्यालय मेरो दायित्व कार्यक्रम"** सञ्चालन गर्न पहल गरिनेछ।

५१. इन्टरनेट, कम्प्युटर ल्याब, स्मार्ट क्लासको व्यवस्थापनका माध्यमबाट शैक्षिक गुणस्तर अभिवृद्धि गरि सिकाई उपलब्धीलाई बढोत्तरी गरिनेछ।

५२. एक विद्यालय एक फूलबारी कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गर्दै सम्पूर्ण विद्यालयहरुलाई हरित विद्यालयको रुपमा रुपान्तरण गर्दै लगिनेछ।

५३. कृषि शाखा र शिक्षा शाखाको समन्वयमा पालिका भित्रको कुनै एउटा माध्यमिक विद्यालयमा पाईलट प्रोजेक्टको रुपमा पढ्दै कमाउदै कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पहल गरिनेछ।

५४. उच्च शिक्षा हासिल गर्न चाहने गाउँपालिका भित्रका गरिब, विपन्न तथा जेहन्दार विद्यार्थीलाई योग्यताक्रमका आधारमा छात्रवृत्तीको व्यवस्थालाई निरन्तरता दिईनेछ।

५५. सामुदायिक विद्यालयमा दरबन्दी कमी भई पठनपाठन कार्य व्यवस्थित गर्न कठीनाई भएका विद्यालयहरुलाई शिक्षण सहयोग अनुदान तथा गा.पा. अनुदानलाई विद्यार्थी संख्या र विषयगत आधारमा पुनः वितरण गरिनेछ।

५६. निजी क्षेत्रबाट सञ्चालित शैक्षिक संस्थाहरुलाई सेवामुखी र गुणस्तरीय बनाउन नियमित र प्रभावकारी अनुगमन गरिनेछ।

५७. शारीरिक तथा बौद्धिक अपाङ्गता भएका वालवालिकाहरुलाई शिक्षाको पहुँच सुनिश्चित गर्न सरोकारवालाहरुसंग समन्वय गरिनेछ।

५८. "**स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद**" भन्ने नारा सहित अन्तर विद्यालय अध्यक्ष/उपाध्यक्ष/वडाध्यक्ष कप खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ। साथै राष्ट्रिय स्तरका खेलाडी उत्पादन गर्न विभिन्न क्लब, समुह र खेलकुद प्रतिष्ठानसँग सहकार्य गरिनेछ।

५९. सवारी दुर्घटना, लागुपदार्थ दुर्व्यसन, बालबिबाह, साईवर अपराध, जङ्कफुडको उपभोग जस्ता समस्याहरु न्यूनीकरण गर्न सरोकारवालाहरुको समन्वयमा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

६०. गाउँपालिकाको शैक्षिक गुणस्तर सुधार गर्न गाउँपालिकाले विद्यालयका प्रधानाध्यापकसँग र प्रधानाध्यापकले विषयगत शिक्षकसँग अनिवार्य रुपमा कार्यसम्पादन सम्झौता गर्नुपर्ने नीति अवलम्बन गरिनेछ।

६१. गाउँपालिका भित्र प्रचलनमा रहेका मातृ भाषाहरुको संरक्षण गर्न लिपी तथा व्याकरण लेखन एवम् प्रकाशन गर्ने नीति लिइनेछ। गाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सरोकारका सूचनाहरु स्थानीय भाषामा प्रकाशन, प्रसारण एवम् सम्प्रेषण गर्ने व्यवस्था मिलाइनेछ।

६२. पालिकाभित्र रहेका धार्मिक तथा साँस्कृतिक महत्व बोकेका सम्पदाहरुको संरक्षण र संवर्द्धन गरिनुका साथै गाउँपालिका भित्र प्रचलनमा रहेका मेलाहरुलाई स्थानीय गौरवको महोत्सव रुपमा विकास गरिनेछ।

६३. संघीय सरकारले घोषणा गरेको रोजगार दशक कार्यक्रमलाई प्रभावकारी बनाउन गाउँपालिका भित्र रहेका निजी र व्यावसायीक उद्योग प्रतिष्ठानसँग सहकार्य गरि स्थानीय रोजगारी सिर्जनाको लागि आवश्यक पहल गरिनेछ।

६४. वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन बैदेशिक रोजगारीमा जान चाहने युवा-युवतीको लागि अभिमुखीकरण तालिम तथा कार्यक्रमहरु सञ्चालन गरिनेछ।

६५. विपन्न, सीमान्तकृत, दलित, आदिवासी र जनजाति समुदायका सवै बालबालिकाको लागि गुणस्तरीय शिक्षा र स्वास्थ्यको पहुँच सुनिश्चित गरि उनीहरुको सम्मानपुर्वक जिवनयापन गर्न पाउने अधिकारको सुनिश्चितता गरिनेछ ।

६६. धार्मिक, समाजिक, साँस्कृतिक, जातीय र लैङ्गिक रुपमा हुने सबै प्रकारका विभेदको अन्त्य गर्न विशेष कार्यक्रम र योजना कार्यान्वयन गरिनेछ ।

६७. आश्रित र सहयोगापेक्षी मानव तथा बालबालिकामुक्त गाउँपालिका बनाउन विभिन्न गैरसरकारी संस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

६८. विपन्न तथा एकल महिला, मधेसी, मुस्लीम, थारु, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सुकुम्बासी लगायत पछाडी परेका वर्ग र समुदायको सामाजिक, राजनीतिक र आर्थिक सशक्तिकरणको लागि सचेतना मुलक, सीप विकास, क्षमता विकास तथा पहुँच अभिवृद्धि जस्ता कार्यक्रमहरु सञ्चालन गरिने छ।

६९. संघ, प्रदेश र स्थानीय तहका सरोकारवालाको सहकार्यमा अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण, विकास र सशक्तिकरणमा जोड दिँदै अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ। अपाङ्गता भएका व्यक्तिहरुको पहिचानका लागि घुम्ती शिविर मार्फत परिचय पत्र वितरणको व्यवस्था मिलाईनेछ।

७०. महिला उद्धमशीलतालाइ प्रोत्साहन गर्न महिलाहरुको नाममा सञ्चालन हुने उद्योग व्यवसायलाई विशेष सहुलियत दिइनेछ।

७१. महिलाको आर्थिक, सामाजिक तथा राजनीतिक सशक्तिकरणको लागी विभिन्न लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

७२. गाउँपालिका क्षेत्रभित्रका सबै नागरिकलाई गुणस्तरीय, सर्वसुलभ तथा निःशुल्क आधारभूत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्दै स्वास्थ्य संस्थाहरूको सेवा क्षमता र प्रभावकारिता अभिवृद्धि गरिनेछ।

७३. सुरक्षित मातृ तथा शिशु स्वास्थ्य सुधारका लागि पूर्ण संस्थागत प्रसूति, पूर्णखोप सुनिश्चितता तथा घरदैलो स्वास्थ्य सेवा कार्यक्रमलाई निरन्तरता दिइनेछ र गर्भवती तथा सुत्केरी महिलालाई स्वास्थ्य संस्थासम्म पुग्नको लागी निःशुल्क एम्बुलेन्स उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ।

७४. कुपोषण न्यूनीकरण, पोषणमैत्री स्थानीय शासन, किशोर किशोरीमैत्री स्वास्थ्य संस्था अन्तर्गतका कार्यक्रम सञ्चालन गरिनेछ।

७५. क्षयरोग, एचआईभी/एड्स, यौनरोग, सिकलसेल एनिमिया, कुष्ठरोग, रेविज तथा पाठेघरको मुखको क्यान्सर लगायतका रोगहरूको रोकथाम, उपचार तथा व्यवस्थापनका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

७६. स्वास्थ्य संस्थाहरूमा प्रयोगशाला, एक्स–रे, भिडियो एक्स–रे सेवाहरूको विस्तार र सुदृढीकरण गरिनेछ।

७७. स्वास्थ्यसंस्था हरुमा विशेषज्ञ सेवा सहितको घुम्ती शिविर सञ्चालन गरिनुका साथै स्वास्थ्य सेवाको गुणस्तर र उत्तरदायित्व अभिवृद्धिका लागि स्वास्थ्य व्यवस्थापन समिति, महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्यकर्मी परिचालन गरिनेछ।

७८. महिला स्वास्थ्य स्वयम् सेविकालाई पालिकाबाट प्रदान हुँदै आएको यातायात भत्तालाई वृद्धि गरिनेछ।

७९. प्रत्येक वडामा रहेका आधारभूत स्वास्थ्य सेवा सुदृढ गर्दै प्राथमिक स्वास्थ्य केन्द्रलाई क्रमशः आधारभूत अस्पतालमा स्तरोन्नति गरिनेछ र आधारभुत स्वस्थ्य सेवा लाई प्रभावकारी वनाउन निशुल्क रुपमा प्रदान गरिने औषधी तथा अन्य उपकरणको आवश्यक व्यवस्था मिलाईनेछ। स्वास्थ्य सूचना प्रणाली (E-HMIS) लाई सुदृढिकरण गरिनेछ।

८०. संघीय सरकारको सहकार्यमा स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयमसेविकाहरुको क्षमता अभिवृद्धि गरि उनिहरुले प्रदान गर्ने सेवाको क्षेत्र र दायरा विस्तार गरिनेछ।

८१. रक्त अभावमा हुने जोखिम न्यूनिकरण गर्न गाउँपालिकाबासीलाई रेडक्रस सोसाईटिसँगको समन्वयमा  निःशुल्क रगत उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिईनेछ।

८२. नसर्ने रोग नियन्त्रणको लागी जनचेतनमूलक कार्यक्रम सञ्चालन गरिनुका साथै जिवन शैलिमा सुधारको लागि योग, ध्यान, आयुर्वेद र समुदायमा आधारित स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी रुपमा विस्तार र प्रवर्द्धन गरिनेछ।

८३. विपद् जोखिम न्युनिकरण र व्यवस्थापन तथा जलवायु अनुकुलन योजना तर्जुमा गरि सो अनुसार विपद् पूर्व तयारी, विपद् न्युनिकरण तथा प्रतिकार्य योजनाको आधारमा पुनर्स्थापना कार्यलाई व्यवस्थित र प्रभावकारी बानाइनेछ।साथै प्रत्येक वडामा वडा विपद् व्यवस्थापन समिति गठन गरी परिचालन गरिनेछ।

८४. गाउँपालिकाको फोहोरमैला व्यवस्थापनको समस्यालाई समाधान एवम् दीगो र प्रभावकारी बनाउन गैर सरकारी संस्था, विकास साझेदार निकायसँगको सहकार्यमा जोड दिईनेछ।

**गाउँसभाका सदस्यज्युहरु,**

८५. सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोग गर्दै गाउँपालिका तथा मातहतका कार्यालयबाट प्रवाह हुने सेवाहरूलाई छिटो, पारदर्शी, सेवाग्राहीमैत्री र प्रविधिमैत्री बनाइनेछ।

८६. सिफारिस, निवेदन, गुनासो व्यवस्थापन, न्यायिक सेवा तथा कर भुक्तानी लगायतका सार्वजनिक सेवाहरूलाई क्रमशः अनलाइन तथा विद्युतीय माध्यमबाट सञ्चालन गरिनेछ।

८७. एकीकृत सफ्टवेयर, केन्द्रीय सर्भर, डिजिटल हाउस नम्बर प्रणाली, एकीकृत पोर्टल तथा पालिका स्तरीय तथ्याङ्क व्यवस्थापन प्रणाली विकास गरी कार्यान्वयन गरिनेछ।

८८. गाउँपालिकाबाट प्रदान गरिने सेवालाई प्रभावकारी रुपमा आम नागरिक समक्ष पुर्याउन कार्य सम्पादनमा आधारित सम्झौता प्राणाली अनिवार्य रुपमा लागु गरिनेछ।

८९. जनप्रतिनिधि, कर्मचारी, सञ्चारकर्मी तथा मेलमिलापकर्ताको क्षमता अभिवृद्धिका लागि आवश्यक तालिम, सहयोग र प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

९०. गाउँपालिका तथा वडा बाट सञ्चालनहुने सम्पुर्ण सेवालाई आम नागरिकको सहज पहुँचमा पुर्याउन चौमासिक रुपमा घुम्ति शिविर सञ्चालन गरिनेछ।साथै सेवा मुल्याङ्कनका सुचकका रुपमा रहेका सर्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, व्यवस्थापन परिक्षण, सामाजिक परिक्षणलाई नियमित रुपमा सञ्चालन गरिने छ।

९१. स्थानीय सञ्चार माध्यमसँग सहकार्य गर्दै सूचना प्रवाहलाई प्रभावकारी बनाइने तथा नागरिक सहायता कक्षको सेवा विस्तार गरिनेछ।

९२. न्यायीक समिति तथा सामुदायिक मेलमिलापकर्ताको क्षमता अभिबृद्धि गर्दै वडा तहबाटै छिटो, सुलभ र प्रभावकारी न्याय निरुपणको व्यवस्था मिलाईनेछ।

९३. गाउँपालिका मार्फत निर्माण गरिने विभिन्न ऐन, कानून तथा कार्यविधि तथा मापदण्डहरूलाई संकलन गरि एकीकृत रुपमा प्रकाशन गरिनेछ।

९४. सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र सुशासन सुनिश्चित गर्दै ढिलासुस्ती, अनियमितता तथा अपारदर्शिताप्रति शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ।

९५. अतिरिक्त समय कार्य सम्पादन गर्ने, नवीनतम कार्यक्रम/योजना कार्यान्यन गर्ने र प्रभावकारी कार्यसम्पादन गर्ने कर्मचारीलाई प्रोत्साहनको व्यवस्था गरिनेछ।

९६. आगामी आ.व.लाई शून्य बेरुजु वर्ष घोषणा गरी हालसम्मको बेरुजु फछ्यौंट अभियान सञ्चालन गरिनेछ।

९७. सार्वजनिक तथा सरकारी जग्गाको संरक्षण, अभिलेखीकरण तथा व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ।साथै गाउँब्लकमा बसोबास गरिरहेका नागरिकहरुको जग्गाको नाँप जाँच गराई यसै वर्षभित्र जग्गा धनी प्रमाण पुर्जा उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाईनेछ।

९८. साविकमा जिल्ला मालपोत कार्यालय र नापी कार्यालयबाट प्रदान गरिने सेवालाई गाउँपालिकाकै भूमि प्रशासन इकाईबाट प्रभावकारी रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ।

९९. वातावरण संरक्षण, वृक्षारोपण, प्राकृतिक स्रोतको दिगो उपयोग, वातावरणीय प्रभाव मूल्याङ्कन तथा विपद् जोखिम न्यूनीकरणका कार्यक्रम सञ्चालन गरिनेछ।

१००. संघ, प्रदेश, स्थानीय तह, विकास साझेदार तथा सरोकारवालासँग सहकार्य र समन्वय गरी विकास तथा स्रोत परिचालनलाई सुदृढ बनाइनेछ।

१०१. राजस्व प्रशासनलाई प्रविधिमैत्री, करदातामैत्री, पारदर्शी र प्रभावकारी बनाउँदै करको दायरा विस्तार, कर सचेतना अभिवृद्धि तथा विद्युतीय कर प्रणालीमार्फत आन्तरिक आय सुदृढीकरण गरिनेछ।

१०२. गाउँपालिकामा हाल कायम रहेको राजश्व तथा करको दर र दायरालाई समयानुकुल बनाउनुका साथै पालिकाभित्र रहेका कर तथा राजश्वका स्रोतहरुको अनुगमन गरी करको दायरामा ल्याईनेछ।

१०३. वातावरणीय प्रभाव मुल्याङ्कन (EIA) प्रतिवेदनकों आधारमा रोहिणी नदिमा रहेको नदिजन्य पदार्थको बिक्रि विरतण गरि आन्तरिक आयलाई मजबुत बनाइनेछ।

१०४. गाउँपालिकाको कार्यबोझ, जिम्मेवारी र थपिदै गएको भुमिकालाई समयसापेक्ष बनाई सेवा प्रवाहलाई जनमुखी र जनमैत्री बनाउन चालु आ.व भित्रै संगठन तथा व्यवस्थापन सर्वेक्षण गरि प्रचलित कानूनको अधीनमा रही आवश्यक दरबन्दी स्वीकृत गरिनेछ।

१०५. स्थानीय सरकारको कार्यसम्पादन मापन सूचकको रुपमा रहेको LGPAS ले तोकेका मापदण्डहरुको पूर्ण परिपालना गरी ओमसतिया गाउँपालिकालाई उत्कृष्ट गाउँपालिका बनाउने अभियान सञ्चालन गरिनेछ।

## सभाका सदस्यज्युहरु

संविधानद्वारा स्थानीय तहलाई प्रदान गरिएको अधिकार, दायित्व र जिम्मेवारीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै यस गाउँपालिकालाई सुशासित, समृद्ध, प्रविधिमैत्री र नागरिकमैत्री स्थानीय सरकारका रूपमा स्थापित गर्ने लक्ष्यसहित वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ। गाउँवासीको आवश्यकता, अपेक्षा, उपलब्ध स्रोत–साधन तथा दिगो विकासका आधारभूत प्राथमिकतालाई केन्द्रमा राखी तयार गरिएको यस नीति तथा कार्यक्रमले आर्थिक, सामाजिक, भौतिक, वातावरणीय तथा संस्थागत विकासका आयामहरूलाई समेटेको छ।

संघ, प्रदेश र स्थानीय तहबीचको सहकार्य, समन्वय तथा साझेदारीलाई थप सुदृढ बनाउँदै नागरिकको जीवनस्तर उकास्ने, सेवा प्रवाहलाई प्रभावकारी बनाउने तथा समावेशी र दिगो विकासलाई सुनिश्चित गर्ने दिशामा गाउँपालिका प्रतिबद्ध रहेको छ। यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि राजनीतिक दल, निजी क्षेत्र,

नागरिक समाज, विकास साझेदार, सञ्चार क्षेत्र तथा सम्पूर्ण गाउँवासीको सक्रिय सहभागिता, सहयोग र रचनात्मक सुझाव महत्वपूर्ण रहने विश्वास लिइएको छु।

**अन्त्यमा,**

ओमसतिया गाउँपालिकाको समृद्धि, सुशासन, पारदर्शिता र समग्र विकासको अभियानमा निरन्तर साथ, सहयोग र योगदान पुऱ्याउनुहुने नेपाल सरकार, प्रदेश सरकार, गाउँसभा सदस्य, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, उद्योगी–व्यवसायी, सञ्चारकर्मी, नागरिक समाज तथा सम्पूर्ण ओमसतियावासीप्रति हार्दिक आभार व्यक्त गर्दै आगामी दिनहरूमा समेत यस्तै सहयोग, सहकार्य र सद्भाव को अपेक्षा गर्दछु।

धन्यबाद।
"जय ओमसतिया"

मञ्जित कुमार यादव
अध्यक्ष
ओमसतिया गाउँपालिका

नीति तथा कार्यक्रम २०८३/०८४